# भीमदत्त राजपत्र

भीमदत्त नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७) कञ्चनपुर, श्रावण १७ गते, २०८० साल (संख्याः३

## भाग १

भीमदत्त नगरपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ को उपधारा (२) बमोजिम निर्माण गरिएको सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# महाकाली बहुप्राविधिक शिक्षालय स्थापना र सञ्चालन ऐन, २०७८

## (पहिलो संशोधन ऐन,२०८०)

**संशोधन मिति: २०८०।०३।११**

**प्रमाणीकरण मिति: २०८०।०३।१७**

१ ऐनको प्रस्तावनाको दशौ हरफमा नगरपालिकाको मातहतमा भन्ने वाक्यांश पछि *महाकाली प्रादेशिक अस्पतालसँगको साझेदारीमा भन्ने वाक्यांश थप गरिएकोछ ।

२ ऐनको दफा २ मा ड.खण्ड थप गरि *"साझेदार संस्था" भन्नाले महाकाली प्रादेशिक अस्पताललाइ सम्झनु पर्नेछ । भन्ने प्रावधान राखिएको छ ।

३ ऐनको दफा ६ मा खण्ड (ण) थप गरि *कार्यक्रम संचालन र व्यवस्थापन गर्दा साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ । भन्ने प्रावधान राखिएको छ ।

आज्ञाले

याम नारायण गौली

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# स्थानीय राजपत्र

भीमदत्त नगरपालिकाद्वारा प्रकाशित

संख्या: १६ मिति: २०७७ माघ १२ गते सोमबार

भीमदत्तनगर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

## भाग-१

## भीमदत्त नगरपालिकाको
## महाकाली बहुप्राविधिक शिक्षालय स्थापना र सञ्चालन ऐन, २०७७

प्रस्तावना:

विपन्न, दलित, उत्पीडित, समाजमा पछाडी परेका, गरिबीको रेखामुनी रहेका, सीमान्तकृत वर्गको क्षमता विकास गर्न, सीप तथा तालिमको माध्यमद्वारा सशक्तिकरण गर्दै रोजगारमूलक सीप मार्फत स्वरोजगार र उद्यमशीलताको प्रवर्द्धन गर्न, स्थानीय आवश्यकता अनुसारको प्रविधिको खोज, अनुसन्धान र विकासद्वारा भीमदत्त नगरपालिकाको दीगो विकास,



CamScanner

व्यवस्थित शहरीकरण र नगर समृद्धिको सपनालाई साकार पार्न, आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्दै राष्ट्रिय र अर्न्तराष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने युवा जनशक्ति र प्रविधिको विकास गरी राष्ट्रिय समृद्धिमा योगदान गर्न सक्ने दक्ष नागरिक उत्पादन गर्न नगरपालिकाको मातहतमा संञ्चालन हुने गरी बहुप्राविधिक शिक्षालयको स्थापना गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ बमोजिम भीमदत्त नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "महाकाली बहुप्राविधिक शिक्षालय स्थापना र सञ्चालन ऐन, २०७७" रहनेछ ।

(२) यो ऐन भीमदत्त नगरपालिकाको नगर सभाबाट पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "नगरपालिका" भन्नाले भीमदत्त नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "नगर प्रमुख" भन्नाले भीमदत्त नगरपालिकाका नगर प्रमुख सम्झनु पर्छ ।

(ग) "नगर उपप्रमुख" भन्नाले भीमदत्त नगरपालिकाका नगर उपप्रमुख सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले महाकाली बहुप्राविधिक शिक्षालय स्थापना र सञ्चालन ऐन, २०७७ सम्झनु पर्छ ।



CamScanner

(ङ) "शिक्षालय" भन्नाले महाकाली बहुप्राविधिक शिक्षालय MAHAKALI POLYTECHNIC INSTITUTE ( MPI) लाई सम्झनु पर्छ ।

(च) "सञ्चांलक समिति" भन्नाले यस ऐन बमोजिम गठित महाकाली बहुप्राविधिक शिक्षालयको सञ्चालक समितिलाई सम्झनु पर्छ ।

(छ) "कोष" भन्नाले महाकाली बहुप्राविधिक शिक्षालयको कोषलाई सम्झनु पर्छ ।

(ज) " अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(झ) "सदस्य सचिव" भन्नाले सञ्चालक समितिको सदस्य सचिवलाई सम्झनु पर्छ ।

(ञ) "निर्देशक" भन्नाले ऐन बमोजिम नियुक्त शिक्षालयको प्रमुख व्यक्ति सम्झनुपर्छ ।

(ट) "शैक्षिक प्रमुख" भन्नाले ऐन बमोजिम नियुक्त शिक्षालयको शैक्षिक गतिविधिहरु सञ्चालन गर्ने प्रमुख सम्झनु पर्छ ।

(ठ) "प्रशासन प्रमुख" भन्नाले ऐन बमोजिम नियुक्त शिक्षालयको प्रशासनिक गतिविधिहरु, लेखा, परीक्षा र प्रशासन संचालन गर्ने प्रमुख सम्झनु पर्छ ।

(ड) "प्रशिक्षक तथा कर्मचारी" भन्नाले महाकाली बहुप्राविधिक शिक्षालयमा नियुक्ति पाई कार्यरत शिक्षक, प्रशिक्षक र कर्मचारीलाई सम्झनु पर्छ ।

(ढ) "ट्रेड कोर्ष" भन्नाले अल्पकालिन वा दिर्घकालिन व्यवसायिक तालिमहरुलाई सम्झनु पर्छ ।



CamScanner

## परिच्छेद २
## स्थापना र सञ्चालन

३. **नगरपालिका मातहतको संस्था हुने:** (१) यो शिक्षालय भीमदत्त नगरपालिकाको मातहतमा रहने गरी संचालित संस्थाको रुपमा रहनेछ ।

(२) शिक्षालयको अनुसुची १ बमोजिम छुट्टै छाप हुनेछ ।

(३) शिक्षालयको आफ्नो छुट्टै कोष हुनेछ । यस शिक्षालयले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, खरिद गर्न, उपभोग गर्न सक्नेछ । तर नगरपालिको अनुमति बिना शिक्षालयलाई चल अचल सम्पतीको बिक्री वितरण गर्ने अधिकार रहने छैन ।

(४) यस शिक्षालय सम्बन्धी अन्तिम निर्णयको अधिकार नगरसभालाई हुनेछ ।

४. **शिक्षालय संचालक समितिको गठन:** (१) शिक्षालयको सम्पूर्ण नीति निर्माण र काम कारवाही सञ्चालन, रेखदेख तथा प्रबन्ध गर्नका लागि देहाय बमोजिमको सञ्चालक समिति रहनेछ ।

(क) भीमदत्त नगरपालिकाका प्रमुख -अध्यक्ष

(ख) भीमदत्त नगरपालिकाका उपप्रमुख -उपाध्यक्ष

(ग) निवर्तमान नगर प्रमुख- सदस्य

(घ) महाकाली प्रादेशिक अस्पताल व्यवस्थापन समितिका अध्यक्ष- सदस्य

(ङ) महाकाली प्रादेशिक अस्पतालका प्रमुख- सदस्य

(च) भीमदत्त नगरपालिकाको कार्यपालिकाका सदस्यहरु मध्ये प्रमुखद्वारा मनोनित सदस्य एक जना - सदस्य

(छ) CTEVT को प्रतिनिधि (प्रदेश कार्यालय वा संघीय कार्यालय) - सदस्य



CamScanner

(ज) स्थानीय उद्योग वाणिज्य संघ, शिक्षाप्रेमी, बुद्धिजीवीहरु मध्ये अध्यक्षद्वारा मनोनित २ महिला सहित ६ जना - सदस्य

(झ) प्रमुख, नगर शिक्षा शाखा -सदस्य

(ञ) महाकाली बहुप्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकहरु मध्येबाट संचालक समितिले मनोनित गरेको १ जना- सदस्य

(ट) शिक्षालय सञ्चालन भएको विद्यालयको प्रधानाध्यापक पदेन सदस्य

(ठ) शिक्षालयका निर्देशक - सदस्य सचिव

(२) सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ । मनोनित भएका सदस्यहरु पुनः एक कार्यकालको निमित्त मात्र मनोनित गर्न सकिनेछ ।

तर पदेन सदस्यहरुको कार्यकालको हकमा जुन क्षेत्रबाट प्रतिनिधित्व भएको हो सो क्षेत्रको जिम्मेवारी समाप्त भएमा यस समितिबाट पनि स्वतः सदस्य पद समाप्त हुनेछ ।

(३) सञ्चालक समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा व्यक्ति, विद्यार्थी प्रतिनिधि, प्रशिक्षक वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(४) शिक्षालय सञ्चालनको लागि सञ्चालन समितिले आवश्यक ठानेमा आवश्यक समिति तथा उपसमितिहरु गठन गर्न सकिनेछ ।

(५) शिक्षालय अन्तर्गतका कुनै कार्यक्रम सञ्चालन गर्न कुनै सामुदायिक संस्थासँग साझेदारी गरेमा सो संस्थाको अध्यक्ष वा सो संस्थाले तोकेको प्रतिनिधि समितिको आमन्त्रित सदस्यको रुपमा रहनेछ ।

**५.** **सञ्चालक समितिको बैठक र निर्णयः** (१) अध्यक्षको अनुमति लिई सदस्य सचिवले बैठकको प्रस्ताव, मिति, समय र स्थानमा सञ्चालक समितिको बैठक बोलाउनेछ ।

(२) जम्मा सदस्य संख्याको ५१% सदस्यको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ/ बहुमतको निर्णय मान्य हुनेछ ।

(३) सञ्चालक समितिको बैठक कम्तिमा ३ महिनाको एक पटक बस्नेछ । बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन ।

(४) समितिको बैठकमा छलफल भई गरिएका निर्णयहरुलाई स्पष्ट रुपमा निर्णय पुस्तिकामा सदस्य सचिव र अध्यक्षको दस्तखत गराई राख्नेछन् ।

(५) शिक्षालय सञ्चालक समितको बैठक सम्बन्धी अन्य आवश्यक मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६.** **संचालक समितिको काम, कर्तब्य र अधिकारः** शिक्षालयको उद्देश्य परिपूर्ति गर्न, शिक्षालयको सञ्चालन, संरक्षण, सुपरिवेक्षण, निरीक्षण, व्यवस्थापन र आवश्यक नियन्त्रण गर्न, गराउन सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछनः

(क) शिक्षालयको प्रत्येक शैक्षिक सत्रको प्रस्तावित वार्षिक कार्यक्रम र आय व्ययको अनुमान बजेट तयार गरी नगरपालिकामा पेश गर्ने ।

(ख) वार्षिक आय-व्यय विवरणमा एक शीर्षक अन्तर्गत तोकिएको रकम अर्को शीर्षकमा रकमान्तर गर्नु परे दश प्रतिशत सम्म सञ्चालन समिति आफैले र सो भन्दा वढीमा नगरपालिकामा स्वीकृतिका लागि सिफारिश गर्ने ।



CamScanner

(ग). शिक्षालयको स्वीकृत कार्यक्रम निर्धारित लक्ष्य अनुरुप प्रभावकारी ढंगले संचालन गर्ने गर्न लगाउने ।

(घ) शिक्षालयको कार्यक्रम कार्यान्वयन गरी गुणस्तरीय जनशक्ति उत्पादन गर्न आवश्यक सहयोग जुटाउने तथा रोजगार प्रदायक संस्थाहरुसँग समन्वय कायम गरी शिक्षालयले उत्पादन गरेको जनशक्तिलाई रोजगारीका अवसरहरु उपलब्ध गराउन सहयोग गर्ने ।

(ङ) शिक्षालयका तोकिएका कार्यक्रमहरुको अनुगमन गरी सुझावहरु दिने र सुझावहरुको उचित कार्यान्वयनको सुनिश्चितता गर्ने ।

(च) शिक्षालयका नियमित शैक्षिक कार्यक्रमहरु र आवधिक ट्रेड कोर्षहरु संचालन गर्ने र ती कोर्षहरुको शुल्क निर्धारण गर्ने ।

(छ) शिक्षालयले प्रदान गर्ने छात्रवृत्ति संख्या तोक्ने र छात्रवृत्ति सम्बन्धी मापदण्डहरु निर्धारण गर्ने ।

(ज) शिक्षालय संचालन र व्यवस्थापन सम्बन्धी निर्देशिका तयार गरी लागु गर्ने ।

(झ) शिक्षालयको निम्ति आवश्यक पर्ने भौतिक र अन्य सुविधा व्यवस्थापन गर्ने ।

(ञ) नगरपालिका र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले जारी गरेका निर्देशनहरु पालना गर्ने ।

(ट) सञ्चालक समितिले आफ्नो अधिकार मध्ये आवश्यता अनुसार केही अधिकारहरु सञ्चालक समितिको सदस्य सचिवलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ठ) प्राविधिक शिक्षालय संचालन गर्ने अन्य राष्ट्रिय अन्तराष्ट्रिय शिक्षण संस्थासँग आवश्यक सहकार्य गर्ने ।



CamScanner

(ड) संचालक समितिका पदाधिकारी तथा सदस्यहरुको बैठक भत्ता लगायत अन्य भत्ताहरु अधिकृत स्तरको कर्मचारीहरुले पाउने बैठक भत्ता सरह हुनेछ ।

(ढ) सञ्चालक समितिले यस ऐन बमोजिम शैक्षिक कार्यक्रम सञ्चालन गर्न नगरपालिका भित्रका कुनै पनि सामुदायिक संस्थासँग साझेदारीमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ३

## संगठन संरचना, पद व्यवस्था एवं नियुक्ति

७. **पद व्यवस्था र नियुक्तिः** (१) शिक्षालयमा रहने प्रशिक्षक तथा कर्मचारीहरुको स्थायी, अस्थायी दरबन्दीहरुमा महाकाली बहुप्राविधिक शिक्षालय सञ्चालक समितिद्वारा गठित पदपुर्ति समितिले भीमदत्त नगरपालिका महाकाली बहुप्राविधिक शिक्षालय प्रशिक्षक तथा कर्मचारी सेवा नियमावली बमोजिम पदपुर्ति गरिने छन् ।

(२) महाकाली बहुप्राविधिक शिक्षालयको सङ्गठनात्मक संरचना अनुसुची २ बमोजिम हुनेछ ।

८. **निर्देशकको नियुक्तिः** (१) शिक्षालय संचालक समितिको सिफारिसमा भीमदत्त नगरपालिका नगरकार्यपालिका बैठकको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले बढीमा चार वर्षको लागि शिक्षालय निर्देशकको नियुक्ति गर्नेछ । तर निर्देशकको नियुक्ती नहुन्जेल सम्म शिक्षा शाखा प्रमुखले सदस्य सचिवको जिम्मेवारी वहन गर्नु पर्नेछ ।

(२) शिक्षालय निर्देशकको न्यूनतम् शैक्षिक योग्यता स्नातकोत्तर तह उत्तिर्ण भएको हुनु पर्नेछ ।

(३) सञ्चालक समितिले आवश्यक परेमा निर्देशकको नियुक्तिका लागि सिफारिस छनौट समिति गठन गर्न सक्नेछ । यसरी



CamScanner

गठन गरिएको समितिले योग्य व्यक्तिहरु मध्ये तीन जनाको नाम सञ्चालक समितिमा पठाउनेछ ।

(४) शिक्षालय निर्देशकको पारिश्रमिक नेपाल सरकारको उपसचिव तह सरहको र अन्य सेवा सुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(५) शिक्षालय निर्देशक सम्बन्धी अन्य व्यवस्था सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

९. **शिक्षालय निर्देशकको काम, कर्तव्य र अधिकारः** शिक्षालय निर्देशकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) नगरपालिका र संञ्चालक समितिको निर्णय बमोजिम शिक्षालय संचालन गर्ने ।

(ख) सञ्चाल्क समितिको परामर्श र सल्लाहमा वार्षिक कार्यक्रम र बज़ेट तयार गरी समितिको सिफारिसमा नगरपालिकामा निर्णयार्थ पेश गर्ने ।

(ग) स्वीकृत बजेट नियम अनुसार खर्च गर्ने र आम्दानी खर्चको विवरण सञ्चालक समितिले तोकेको ढाँचा अनुसार राख्ने ।

(घ) तोकिएको पाठ्यक्रम बमोजिम सैद्धान्तिक र प्रयोगात्मक कक्षाहरु सञ्चालन गराउने ।

(ङ) नगरपालिका, महाकाली प्रादेशिक अस्पताल, सञ्चालक समिति र अन्य शिक्षालय तथा निकाय बीच आवश्यक समन्वय कायम गर्ने ।

(च) परिषद्ले निर्धारण गरे बमोजिम पाठ्यक्रम, परीक्षा प्रणाली र मुल्याङ्कन विधि कार्यान्वयन गर्ने ।

(छ) पाठ्यक्रम अनुसार आवश्यक पाठ्यपुस्तक र पाठ्यसामाग्री व्यवस्था मिलाउने ।

(ज) पठनपाठनको गुणस्तर कायम राख्न आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गर्ने ।



CamScanner

(झ)प्रशिक्षक तथा कर्मचारीको कार्य विवरण तयार पारी सोही अनुसार गराउने र सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको व्यक्तिगत विवरण अद्यावधिक गर्न लगाउने ।

(ञ) विद्यार्थीमा अनुशासन शिष्टता र विनम्रता कायम गराउने ।

(ट) प्रशिक्षक तथा कर्मचारीको पदोन्नति वा तलब वृद्धि वा नसियत लगायतका बिषयमा सम्बन्धमा सञ्चालक समितिलाई सिफारिस गर्ने ।

(ठ) शिक्षालयको चल अचल सम्पत्तको अभिलेख राख्ने, मर्मत सम्भार गर्ने, संरक्षण गर्ने र काम नलाग्ने माल सामान लिलाम गर्ने ।

(ड) आवश्यकता अनुसार विज्ञहरु संग सरसल्लाह तथा सुझावका लागि छलफल गर्ने ।

(ढ) सञ्चालक समितिले सुम्पेका अन्य कार्यहरु गर्ने गराउने ।

१०. **शिक्षालय शैक्षिक प्रमुखको नियुक्ति र काम, कर्तव्य :** (१) शिक्षालयका शैक्षिक कार्यक्रमहरु तर्फका विभिन्न विभागहरु विच समन्वय गराई शैक्षिक कार्यलाई व्यवस्थित र सुचारु रुपले सञ्चालन गर्न शिक्षालयमा अध्यापनरत अधिकृत स्तरका प्रशिंक्षकहरु मध्ये एक जनालाई सञ्चालक समितिले चार वर्षका लागि एक शिक्षालय शैक्षिक प्रमुख नियुक्ति गर्नेछ ।

(२) शिक्षालय शैक्षिक प्रमुखको काम,कर्तब्य, अधिकार, सेवा शर्त र सुविधाहरु सञ्चालक समितिले तोके बमोजिम हुनेछन ।

११. **प्रशासन प्रमुखको नियुक्ति र काम कर्तव्य:** (१) शिक्षालयका प्रशासनिक तर्फका सम्पूर्ण शाखाहरु बिच समन्वय गराई प्रशासनिक कार्यलाई व्यवस्थित र सुचारु रुपले सञ्चालन गर्न सञ्चालक समितिले अधिकृत छैंठौ तह सरहंको सेवा सुविधा पाउने गरि एक जना प्रशासन प्रमुख नियुक्त गर्नेछ ।



CamScanner

(२) प्रशासन प्रमुखको काम, कर्तब्य, अधिकार, सेवा शर्त र सुविधाहरु सञ्चालक समितिले तोके बमोजिम हुनेछन ।

## परिच्छेद ४

## विद्यार्थी भर्ना र छात्रवृत्ती

१२. **विद्यार्थी भर्ना:** (१) शिक्षालयको प्रविणता तहको भर्ना प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा निर्धारित संख्याको लागि परिषद्को तालिका अनुसार र ट्रेड कोर्षहरुको भर्ना सञ्चालक समितिले निर्धारण गरेको संख्या र तालिका अनुसार हुनेछ ।

(२) विद्यार्थी भर्ना सम्बन्धी अन्य कार्यहरु शिक्षालय शैक्षिक प्रमुखको संयोजकत्वमा गठित भर्ना समितिले गर्नेछ । शिक्षालय शैक्षिक प्रमुख नियुक्ति नहुदा सम्म उक्त जिम्मेवारी शिक्षा शाखा प्रमुखको हुनेछ ।

(३) शिक्षालयबाट सञ्चालित शैक्षिक कार्यक्रम अनुसार विद्यार्थी संख्या CTEVT निर्धारितबाट विद्यार्थी भर्ना कोटा संख्यामा भीमदत्त नगरपालिका क्षेत्रमा स्थायी बसोबास गरेका विद्यार्थीलाई २०% सुदूरपश्चिम प्रदेश क्षेत्रमा स्थायी बसोबास विद्यार्थी २० % र बाँकी ६०% देश भरीका विद्यार्थीहरु बीच खुल्ला प्रतिस्प्रर्धात्मक प्रक्रियाबाट भर्ना लिईनेछ ।

(४) उपदफा (३) मा उल्लेखित अवस्था अनुसार निवेदन प्राप्त नभएमा वा नाम छनोट नभएमा वा भर्ना रिक्त स्थानमा मेरिट लिस्टको आधारमा भर्ना गरिनेछ ।

१३ **छात्रवृत्तिः** (१) छात्रवृत्ति सम्बन्धी सम्पूर्ण व्यवस्था परिषदद्वारा निर्दिष्ट मान्यता र शिक्षालय सञ्चालक समितिद्वारा तोकिएको कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विविध

१४. **प्रमाणपत्रको मान्यता:** (१) शिक्षालयमा प्रवेशिका परीक्षा उत्तीर्ण गरी कम्तीमा तीन वर्ष अध्ययन गरेका विद्यार्थीहरुलाई शिक्षालयद्वारा प्रदान गरिएको प्रमाणपत्र विश्वविद्यालय वा अन्य मान्यता प्राप्त शैक्षिक संस्थाको प्रविणता प्रमाणपत्र सरह हुनेछ ।

१५. **आर्थिक स्रोत जुटाउने अधिकार:** (१) शिक्षालयले आफ्नो काम सुचारु रुपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने रंकमको लागि भीमदत्त नगरपालिकाको पूर्व स्वीकृती लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

१६. **प्रशिक्षक कर्मचारी सम्बन्धी व्यवस्था:** १) शिक्षालयले आवश्यकता अनुसार प्रशिक्षक कर्मचारीहरुको नियुक्ति गर्न सक्नेछ । प्रशिक्षक, कर्मचारी व्यवस्थापन गर्दा सञ्चालक समितिबाट स्वीकृत सङ्गठन संरचना र दरबन्दी अनुरुप गराउनु पर्नेछ ।

(२) शिक्षालयका कर्मचारीको पारिश्रमिक, सेवा शर्त, र सुविधा भीमदत्त नगरपालिका महाकाली बहुप्राविधिक शिक्षालय प्रशिक्षक तथा कर्मचारी सेवा नियमावली बनाई लागु गरे बमोजिम हुनेछ ।

१७. **शिक्षालयको कोष :** (१) शिक्षालयको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहने छन ।

(क) नगरपालिकाहरु, प्रदेश सरकार वा संघीय सरकारबाट प्राप्त अनुदान,

(ख) कुनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वा विदेशी संघ– संस्थाबाट प्राप्त रकम,

(ग) शिक्षालयको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम र शिक्षालयले लिने शुल्कबाट प्राप्त रकम



CamScanner

(घ) शिक्षालयलाई प्राप्त अन्य कुनै रकम

(२) शिक्षालयका भिन्दा भिन्दै सञ्चालन खाता, शिक्षालय आर्जन खाता, धरौटी खाता लगायत अन्य आवश्यक खाताहरु सञ्चालित हुनेछन ।

(३) शिक्षालयका खाताहरुको संचालन शिक्षालय निर्देशक र शिक्षालयको लेखा प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ । शिक्षालयमा लेखा प्रमुख व्यवस्था नभएको हकमा भीमदत्त नगरपालिकाबाट व्यवस्था भए बमोजिम हुनेछ ।

(४) शिक्षालयले विभिन्न किसिमका ट्रेड कोर्षहरु सञ्चालन गर्न सक्नेछ ।

१८ **शिक्षालयको लेखा र लेखापरीक्षण:** (१) शिक्षालयको लेखा परीक्षण नेपाल सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिने छ ।

(२) शिक्षालयको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आलेप शाखाबाट हुनेछ र अन्तिम लेखापरीक्षण रजिष्ट्रेड लेखापरिक्षकबाट हुनेछ ।

(३) नगरपालिकाले चाहेमा शिक्षालयको हिसाब किताब सम्बन्धी कागजपत्रहरु र अन्य नगदी जिन्सी समेत जुनसुकै बखत चेक जाँच गर्न वा गराउन सक्नेछ ।

१९. **नियम बनाउन सक्ने:** यस ऐनको अधीनमा रही भीमदत्त नगरपालिकाले आवश्यक नियम, कार्यविधि, आचारसंहिता तथा मापदण्ड बनाउन सक्नेछ ।

२०. **संशोधन, वचाउ र खारेजी** : (१) महाकाली वहुप्राविधिक शिक्षालयको संचालन र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि यस ऐनमा भीमदत्त नगरपालिकाले जुनसुकै समयमा पनि आवश्यक संशोधन गर्न सक्नेछ ।



CamScanner

(२) यो ऐन जारी हुनु पूर्व महाकाली बहुप्राविधिक शिक्षालय स्थापना र संचालन कार्यविधि, २०७७ बमोजिम भए गरेका काम, कारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) महाकाली बहुप्राविधिक शिक्षालय स्थापना र संचालन कार्यविधि,२०७७ यो ऐन लागू भए पछि स्वत: खारेज भएको मानिनेछ ।

CamScanner

## अनुसुची-१

## महाकाली बहुप्राविधिक शिक्षालयको छाप







CamScanner

अनुसुची २

## महाकाली बहुप्राविधिक शिक्षालयको संगठन संरचना




आज्ञाले
पुष्कर प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत